# सुशील कोइराला फाउण्डेशन

# को

# बिधान

# २०७६

# सुशील कोइराला फाउण्डेशन
# को
# विधान- (२०७६)

प्रस्तावना :-

नेपालको प्रजातान्त्रिक आन्दोलन र आधुनिक नेपालको निर्माणका क्रममा पांच दसक भन्दा बढी समम अविरल त्याग, बलिदान र क्रान्तिका प्रतिक बन्नुभएका श्री सुशील कोइरालाले नेपालको राष्ट्रियता, समाजबाद एवं प्रजातन्त्रका संरक्षण र प्रवर्धन तथा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक सम्विधान निर्माणमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै अतुलनिय योगदान गर्नु भएकोछ । देशमा शान्ति, स्थिरता, स्थायित्व, समावेशि, समृद्धि र समतामुलक सम्मुनत समाज स्थापना प्रजातान्त्रिक दायरा भित्र रहेर मात्र संभव छ भन्ने महामानव विपि कोइरालाको विचार र शिद्धान्तबाट प्रेरित भई संस्थागत रुपबाटनै जनस्तर सम्म पुर्याउने पवित्र उदेश्य प्राप्तिका लागि एक सस्थागत संरचनाको व्यवस्था गर्न बान्छनिय भएकोले सशील कोईराला फाउण्डेशनको स्थापना गरिएको छ ।

## परिच्छेद-१ प्रारम्भ

१. फाउण्डेशनको नाम :–

यस फाउण्डेशनको नाम **सुशील कोइराला फाउण्डेशन** रहने छ । जसलाई अंग्रेजीमा Sushil Koirala Foundation भनिने छ । जसलाई छोटकरीमा **SUKO Foundation** पनि भनिनेछ ।

क. फाउण्डेशनको कार्यालय रहने ठेगाना :–

यस फाउण्डेशनको केन्द्रिय कार्यालय प्रदेश नं. १, को मोरङ जिल्ला स्थित बिराटनगर महानगरपालिकामा हुनेछ । आवश्यकता अनुसार फाउण्डेशनको अन्य प्रदेश तथा जिल्लाहरुमा समेत कार्यालय खोल्न सकिनेछ ।

ख. फाउण्डेशनको कार्यक्षेत्र :

यस फाउण्डेशनको कार्यक्षेत्र मोरंग जिल्ला भरी हुनेछ । सम्वन्धित स्थानीय अधिकारीको स्वीकृत लिई नेपालभरी शाखा विस्तार गर्न सकिनेछ ।

ग. प्रारम्भ :-

यो विधान जिल्ला प्रशासन कार्यालय मोरङ जिल्लामा दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ ।

घ. फाउण्डेशनको अस्तित्व :-

यो फाउण्डेशन एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनीति तथा गैर-सरकारी सामाजिक फाउण्डेशन हुनेछ । नाफाको उदेश्य नराखि फाउण्डेशनले परोपकार कार्यका लागि आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गर्न सक्नेछ ।

ङ. फाउण्डेशनको प्रतिबद्धता :

फाउण्डेशनको कुनै कृयाकलापले नेपाल तथा कुनै विदेशी राष्ट्र अन्तराष्ट्रिय कुनै संघ संगठनको सम्वन्धमा प्रतिकुल असर पार्ने वा नेपालको परराष्ट्र नीतिका वर्खिलाप हुन जाने वा नेपालको अखण्डता, सार्वभौम सत्ता, स्वतन्त्रता तथा शान्ति सुरक्षामा खलल पुग्ने काम कुरा नगर्ने प्रतिबद्धता प्रकट गर्दछ ।

२ परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :-

(क) "विधान" भन्नाले सुशिल कोईराला फाउण्डेशनको विधान २०७६ लाई सम्झनुपर्दछ।

(ख) "फाउण्डेशन" भन्नाले सुशिल कोईराला फाउण्डेशनलाई जनाउँदछ।

(ग) "समिति" भन्नाले यस विधानको दफा १३ बमोजिम गठित कार्य समितिलाई जनाउँदछ।

(घ) "सभा" भन्नाले यस विधान बमोजिम बसेको साधारण सभा र विशेष साधारण सभालाई समेत जनाउँदछ।

(ङ) "पदाधिकारी" भन्नाले फाउण्डेशनका पदाधिकारीहलाई सम्झनुपर्दछ।

(च) "नियम, विनियम" भन्नाले यस विधान अन्तर्गत बन्ने नियम विनियिमलाई जनाउँछ।

(छ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँछ।

(ज) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो विधान र यस विधान अन्तर्गत बनेको नियम विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ।

(झ) "स्थानीय तह" भन्नाले गाँउपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकालाई जनाउने छ।

३. फाउण्डेशनको चिन्ह र छाप :-

क) यस फाउण्डेशनको छाप गोलो परिधिमा बाहिर माथि पट्टि सुशिल कोईराला फाउण्डेशन तल पट्टि बिराटनगर र बिचमा किताव र सुशिल कोईरालाको फोटो र स्थापना २०७६ हुनेछ।

ख) यसको नमुना अनुसूचि-१ मा रहनेछ।

ग) आज भन्दा अगाडि दर्ता भएका फाउण्डेशनसँग नाम, ठेगाना र लोगो मिल्न गएमा संशोधन प्रक्रियावाट संसोधन गरिनेछ।

## परिच्छेद - २

## उद्देश्यहरु

४. फाउण्डेशनको उद्देश्य :-

फाउण्डेशनको उद्देश्यहरु देहाय बमोजिम हुनेछ।

क) यो फाउण्डेशन मूनाफारहित जनहितकारी सामाजिक फाउण्डेशन हुनेछ।

ख) आवश्यक्ता अनुसार जेष्ठ नागरिकहरुलाई दिवा तथा आवाशिय हेरचाह, खाना तथा सामान्य उपचारको सहयोगका लागि आश्रम स्थापना गरिनेछ।

ग) सुशिल कोईरालाका संघर्सको ईतिहास, सरल जीवन शैली, स्वच्छ विचार तथा वहाका विविध योगदानहरुलाई विभिन्न (संग्रहालय, बृत्तचित्र, गोष्ठि, सेमिनार, प्रवचन आदी) माध्यमद्धारा आम जनता सम्म पुर्याउने।

घ) यूवा, वृद्ध, चेलिबेटि, महिला, आदिवासी जतजाती, दलित, अशक्त, असहाय एवं पिछडिएका क्षेत्र र वर्गहरुको उत्थान एवं संरक्षणका लागि आवश्यक कार्यक्रम (स्वास्थ्य, शिक्षा, जनचेतना, सुरक्षित आवास, तथा रोजगार मुलक लगायतका कार्यक्रम) संचालन गर्ने।

ङ) नेपालको राष्ट्र गौरभका लागि विभिन्न क्षेत्रमा उल्लेखनिय योगदान पुर्याउने प्रतिभाशालि नेपाली तथा गैर नेपाली व्यक्तित्वहरुलाई फाउण्डेशनले सम्मान गर्ने।

च) विभिन्न सरकारी तथा गैर सरकारी, निजी क्षेत्र, गर आवसिय नेपाली, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/फाउण्डेशनहरु, विभिन्न राष्ट्रका कुटनितिक नियोग एवं समुदायमा आधारित समुहहरुसँग समन्वय गरि माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार सहकार्य गरिनेछ ।

छ) सामाजिक रुपमा पछी परेका समुदायहरुका लागि सहुलियत रुपमा विभिन्न शैक्षिक संस्था, विश्व-विद्यालय, परिषद् तथा सम्बन्धीत निकाय संग संमन्वयन गरि छोटो तथा लामो अवधिका प्रविधिक शिक्षा तथा तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

## ५. फाउण्डेशनको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :

यस फाउण्डेशनले उपरोक्त उद्देश्यहरु प्राप्त गर्न देहायका कार्यहरु गर्नेछ :

(क) प्रचलित नेपाल कानून वमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्र उपरोक्त उद्देश्यहरु कार्यान्वयन गर्नेछ ।

(ख) फाउण्डेशनलाई आवश्यक पर्ने भवन निर्माण गर्न वा भाडामा वा लिजमा लिने छ । र कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) फाउण्डेशनलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवा सर्तहरु फाउण्डेशनले निर्धारण गर्नेछ ।

(घ) फाउण्डेशनमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

(ङ) अन्य फाउण्डेशनसँग समन्वय कायम गरी स्वयंसेवक भई काम गर्ने र प्रतिनिधि नियूक्ति गर्न सक्नेछ ।

(च) यो फाउण्डेशनले कुनै किसिमको राजनितिक गतिविधि गर्ने छैन ।

(छ) आफ्नो अधिकारको प्रयोग गर्दा अरुको हक हनन् गरिने छैन र नेपालको प्रचलित कानुन विपरित कुनै काम गरिने छैन ।

(ज) नेपाल सरकारको स्विकृति लिएर मात्र गर्नु पर्ने कार्यको हकमा सम्वन्धित निकायको पूर्व स्विकृति लिएर मात्र कार्य गरिनेछ ।

(झ) कुनै कार्य गर्नको लागि अन्य संघसंस्था/फाउण्डेशनसँग समन्वय गरि कार्य गर्न सक्नेछ ।

(ञ) फाउण्डेशनसँग सम्बन्धित आवश्यक कुराहरु : फाउण्डेशन विरुद्धमा परेका मुद्दा मामिलाको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने र यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरि आफ्नो हक अधिकार र सहुलियत सुरक्षित राख्नेछ ।

# परिच्छेद - ३

# सदस्यता

## ६. सदस्यहरुको बर्गीकरण :-

यस फाउण्डेशनमा देहाय वमोजिमका सदस्यहरु रहनेछन् :

### (क) फाउण्डेशनका संस्थापक सदस्यहरु :

यस फाउण्डेशन दर्ता हुँदाको बखतका पदाधिकारीहरु फाउण्डेशनका संस्थापक सदस्यहरु हुनेछन् । सस्थापक सदस्य पनि साधारण सदस्य सरह हुने भएकाले वार्षीक रुपमा सदस्य नविकरण गर्नु पर्नेछ ।

### (ख) साधारण सदस्य :

यस विधानको दफा ७ बमोजिम योग्यता पुगेको कुनै पनि नेपाली नागरिकले तोकिएको प्रकृया अन्तर्गत रहि आवेदन गरेमा फाउण्डेशनका सदस्यता प्राप्त गर्ने व्यक्तिहरु कार्यसमितिको निर्णय पश्चात साधारण सदस्य हुन सक्ने छन् । साधारण सदस्यले सदस्यता वार्षिक रुपमा असार मसान्त देखि आश्विन मसान्त भित्रमा नविकरण गर्नु पर्ने छ अन्यथा दफा ९ बमोजिमको जरीवाना लाग्ने छ वा दफा ८ बमोजिम भएमा सदस्यता खारजी हुनेछ ।

(ग) <u>आजीवन सदस्य</u> :

फाउण्डेशनको विकासको लागि विशेष सहयोग पुऱ्याउने व्यक्तिहरुलाई फाउण्डेशनले तोकिएको प्रकृया अन्तर्गत आजीवन सदस्यता प्रदान गर्न सकिनेछ ।

(घ) <u>मानार्थ सदस्य</u> :

उपयुक्त ठहर गरेको विशिष्ठ समाजसेवी तथा प्रतिष्ठित नेपाली नागरिकलाई फाउण्डेशनको मानार्थ सदस्य प्रदान गर्न सक्नेछ तर मानार्थ सदस्यहरुको मताधिकारको अधिकार रहने छैन ।

७. <u>सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता</u> :

यस फाउण्डेशनका सदस्यका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ :

(क) नेपाली नागरिक भएको ।

(ख) १८ वर्ष उमेर पुरा गरेको ।

(ग) तर मानसिक सन्तुलन गुमाएको वा सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरी एक वर्ष नबितेको भए वा नैतिक पतन देखिने फौजदारी अपराध वा भ्रष्टाचारको अभियोगमा सजाय पाएको भए सो भुक्तान भएको एक वर्ष नबितेसम्म सदस्यताको लागि योग्य हुने छैन ।

८. <u>फाउण्डेशनको सदस्य प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था :-</u>

देहायका अवस्थामा कुनै ब्यक्ति फाउण्डेशन सदस्यताको सदस्य पद प्राप्त गर्न सक्ने छैन ।

क) गैर नेपाली नागरिक ।

ख) १८ बर्ष उमेर पुरा नगरेको

ग) मगज बिग्रेको वा बौलाएको ।

घ) दामासाहीमा परेको वा सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरको ।

ङ) नैतिक पतन देखिने फौजदारी सजाए पाएको वा कुनै प्रकारका चोरी, ठगी किर्ते, जालसाजी वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरुपयोग वा भ्रष्टचारको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाएको एक बर्ष भित्र ।

च) फाउण्डेशनलाई व्यवसायमा नीजि स्वार्थ राखेको ।

छ) सदस्यता शुल्क बुझाउन बाँकी भएको । वा तोकिएको समय अवधिमा नबुझाएको पाइएमा ।

९. सदस्यताको समाप्ति :-

देहायको अवस्थामा कुनै व्यक्ति संघ फाउण्डेशन वहाल रहने छन् ।

(क) यस विधानको उपदफा ८ बमोजिम सदस्य पद प्राप्त गर्न नसके भएमा ।

(ख) साधारण सभाको दुई तिहाई सदस्यहरुको बहुमतले फाउण्डेशनले सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा कार्य समितिले स्वीकृत गरेमा ।

(घ) फाउण्डेशनको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट ठहर भएमा ।

(ङ) यस विधान बमोजिम फाउण्डेशनले गर्न नहुने, भनि तोकिएको कुनै कार्य गरेमा ।

(च) फाउण्डेशनको विघटन भै खारेज भएमा ।

(छ) कुनै व्यक्ति फाउण्डेशन सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि फाउण्डेशनले नीजलाई सो कुराको सूचना दिई, सफाईको सबुद पेश गर्ने मौका दिइनेछ ।

१०. सदस्यता शुल्क, सदस्यता प्रदान गर्ने विधि :-

यस विधानको दफा ६ बमोजिमको सदस्यहरुले देहाय बमोजिमको उप-दफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

क. साधारण सदस्य :

(१) साधारण सदस्य प्राप्त गर्न चाहने व्यक्तिले प्रवेश शुल्क बापत रु.५०० र बार्षिक नविकरण शुल्क बापत रु.५०० बुझाई तोकिएको प्रक्रिया अनुसार आवेदन पेश गर्नेलाई कार्य समितिको निर्णयले साधारण सदस्यता प्रदान गर्न सकिने छ ।

(२) साधारण सदस्य प्राप्त गर्ने सदस्यले प्रत्येक वर्ष आर्थिक महिनाको मसान्त भित्र नविकरण गराई सक्नु पर्नेछ र त्यसपछिको हकमा म्याद नाघेमा प्रतिमहिना रु.१०० का दरले थप रकम असुली गरी म्याद गुज्रिएको ३ महिना सम्म नविकरण गर्न सकिने छ तर समय अवधि सकिएको तीन माहिना सम्म पनि तोकिएको शुल्क नबुझाएमा सदस्यता खारेज हुनेछ ।

(३) यदी साधारण सदस्यले सदस्यता नविकरण समयमा नगरेमा उक्त सदस्यको मतदान अधिकार हुने छैन ।

ख. संस्थापक सदस्य :

(१) यो फाउण्डेशन दर्ता हुँदाको बखतका तदर्थ समितिका पदाधिकारीहरु संस्थापक सदस्य हुनेछन् । संस्थापक सदस्यहरुले पनि साधारण सदस्य सरह बार्षिक रुपमा रु.५०० बुझाई नविकरण गर्नु पर्नेछ ।

ग. आजिवन सदस्य :

फाउण्डेशनका संस्थापक सदस्य बाहेक अन्यलाई एकमुष्ट रु.१५,००० बुझाई तोकिएको प्रक्रिया अन्तरगत आवेदन दिने व्यक्तिहरुलाई कार्य समितिको निर्णयले आजिवन सदस्यता प्रदान गर्न सक्नेछ ।

घ. मानार्थ सदस्य :

साधारण सभाको निर्णयले उपयुक्त ठानेको समाजसेवी विशिष्ट व्यक्ति तथा प्रतिष्ठित नेपाली नागरिकहरुलाई मानार्थ सदस्य प्रदान गर्न सक्नेछ, तर मानार्थ सदस्यको मताधिकार रहेन छैन ।

ङ. कुनै आवेदकलाई सदस्य नदिने निर्णय गरेमा सो को कारण सहित जानकारी आवेदन लाई दिइने छ ।

च. सबै सदस्यहरुले यस विधान र विधान अन्तरगत बनेको नियम र विनियम बमोजिम भएको व्यवस्थाको पालाना गर्नु गराउनु पर्ने छ ।

छ. फाउण्डेशनले प्रदान गरेको सदस्यहरुको तोकिएको ढाँचामा छुट्टै अभिलेख पुस्तिका रहने छ ।

ज. एक आर्थिक बर्षमा कार्यसमितिको निणंयवाट बर्तमान मताधिकार प्राप्त सदस्य संख्याको ४० प्रतिशत भन्दा कम हुने गरी नयां व्यक्तीलाई सदस्यता प्रदान गर्न सक्ने छ ।

## परिच्छेद-४

## साधारण सभा, कार्य समिति तथा बैठक सम्बन्धी व्यवस्था

११. साधारण सभाको गठन :-

(क) साधारण सभा फाउण्डेशनको सर्वोच्च अंग हुनेछ । यस फाउण्डेशनको मानार्थ सदस्यहरु बाहेक अन्य सदस्यहरु फाउण्डेशनको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरु आमन्त्रित हुनेछन् ।

(ख) यस फाउण्डेशनको साधारण सभा, देहाय बमोजिम हुनेछ ।

(क) वार्षिक साधारण सभाः- वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

(ख) विशेष साधारण सभाः- फाउण्डेशनको कूल सदस्य संख्याको १/४ (एक चौथाई) सदस्यहरुले कारण जनाई विशेष साधारण सभा मांग गरेमा विशेष साधारण सभा, कार्यसमितिले कम्तीमा ७ (सात) दिनभित्र अनिवार्य रुपमा बोलाउनु पर्नेछ । तर साधारण सभा वा विशेष सभा बसेको छ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

(ग) यस फाउण्डेशनको प्रथम वार्षिक साधारण सभा फाउण्डेशन स्थापना भएको मितिले छ महिना भित्रमा गरिनेछ । त्यसपछीका बार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिनेछ ।

(घ) यस फाउण्डेशन वार्षिक साधारण सभा गर्नको लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ (सात) दिन अगावै सभा हुने स्थान, मिति, समय, र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरुलाई अनिवार्य रुपले सूचना दिनुपर्नेछ ।

(ङ) उप-दफा "घ" बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १२ (ञ) बमोजिमको गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ (सात) दिनको म्याद दिएर पुनः साधारण सभा बोलाइने छ ।

१२. साधारण सभाको काम कर्तव्य र अधिकार :-

साधारण सभाको काम कर्तव्य पुस्तिका राखिनेछ ।

(क) यस फाउण्डेशनको उद्धेश्य प्राप्तिका लागि गरिने कार्यहरुलाई अझ व्यवस्थित गर्न यस फाउण्डेशनको कार्य समितिको अधिनमा रहने गरी उप-समिति गठन गर्न र विनियम बनाउन आवश्यक भए कार्य समितिले विधानमा प्रतिकुल असर नपर्ने गरि त्यस्तो विनियम बनाई कार्यन्यवन गर्न सक्नेछ ।

(ख) दफा १२ को उपदफा क अनुसार भए गरेका कार्यहरु साधारण सभाबाट अनुमोदन गर्नुपर्नेछ ।

(ग) फाउण्डेशनको वार्षिक कार्य प्रगती विवरण र फाउण्डेशनले गरेको कार्यहरुको मुल्याङ्कन गरी कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।

(घ) समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने । सामाजिक लेखा परिक्षण तथा लेखा परिक्षणबाट प्राप्त भएको वार्षिक लेखा परिक्षण-प्रतिवेदन माथी छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट दैखिएका अनियमित बेरुजु रकमहरु माथी छलफल गरी नियमित गर्न नमिल्ने बेरुजु रकमहरु अशुल उपर गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने, लेखा परिक्षण प्रतिवेदन स्वीकृति गर्ने तथा आगामी वर्षको लागि लेखा परिक्षकको नियुक्ति गर्ने ।

(ङ) फाउण्डेशनको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रक्रिया अन्तरर्गत रही निर्वाचन गर्ने वा प्रकिय अनुरुप पद पुर्ति गर्ने ।

(च) फाउण्डेशनको कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्य समितिबाट फाउण्डेशनको हित अनुकुल भएका काम-कार्वाहीहरुको, औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) कार्य समितिबाट भए गरेका कामकारवाहीबाट चित्त नबुझे जसको निधान साधारण सभाबाट गरीने छ । यसरी साधारण सभाले गरेको काम कारवाहीमा कसैको चित्त नबुझे सझाई दिने प्रर्याप्त आधारबाट कसैलाई पनि बन्चित गराइने छैन ।

(ञ) साधारण सभाको गणपुरक संख्या : साधारण सभा गणपुरक संख्या पहिलो पटक ६७ प्रतिशत, यो गणपुरक संख्या नपुगे दोस्रो पटक पनि ५१ प्रतिशत हुनु पर्नेछ ।

(ट) कार्य समितिको अधिकार निर्धारण तथा अधिकार प्रत्यायोन गर्ने ।

१३. कार्य समिति

क) कार्य समितिको गठन :-

१. साधारण सभा सदस्यहरु बाट निर्वाचित देहाय बमोजिमको पदाधिकारीहरु रहने ९ सदस्यीयको एक कार्य समिति गठन गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |
| सचिव | १ |
| कोषाध्यक्ष | १ |
| सदस्यहरु | ५ |

२. कार्यसमितिको कार्यकाल २ वर्षको हुनेछ । कार्यसमितिको अध्यक्ष १ र सदस्य ६ जनाको निर्वाचन प्रकृयाबाट हुनेछ । २ जना साधारण सदस्यहरुमध्येबाट निर्वाचित अध्यक्षले मनोनयन गर्नेछ । कुल ८ जना सदस्यहरुमध्ये निर्वाचित अध्यक्षले कार्यसमितिमा आवश्यक उपाध्यक्ष, सचिव र कोषाध्यक्षको मनोनयन गर्नेछ ।

३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै कार्य समितिमा रहेको कुनै पदाधीकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि कार्य समितिले साधारण सदस्यहरु मध्येबाट मनोनयन गर्नेछ ।

४. कार्यसमितिको बैठक आवश्यकता अनुसार अध्यक्षको आदेश अनुसार सचिवले बोलाउनेछ । तर कार्यसमितिको पदाधिकारीहरुको जम्मा संख्याको ५१% ले बैठक बोलाउन माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक तुरुन्त बोलाउनु पर्नेछ ।

५. बर्षमा कम्तिमा ३ पटक कार्यसमितिको बैठक बसेको हुनु पर्ने छ ।

६. तर कार्यसमितिको पदाधिकारीहरुको कूल संख्याको ५१% पदाधिकारीहरु उपस्थिति नभएको खण्डमा सोहि एजेण्डाका विषयमा दोस्रो पटक बेठक बोलाईएमा उपस्थिति संख्यानै गणपुरक मानि कार्य समितिको बैठक बस्नेछ ।

७. कार्य समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको पनि अनुपस्थिति रहेमा बैठक स्थगित भएको सूचना सचिवले जारी गर्नु पर्नेछ ।

८. कार्य समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

९. कार्य समितिको बैठकमा छलफल भएको विषयहरुको छुट्टै निर्णय किताबमा लेखी राखिनेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित अध्यक्ष एवं सचिवले सही गर्नु पर्नेछ तर निर्णयमा असहमती जनाउनेहरुले कैफियत खोली सही गर्नुपर्नेछ ।

१४. कार्य समितिको काम, कर्तव्य र अधिकार :- कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. फाउण्डेशनको गत आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा आर्थिक प्रगति प्रतिवेदन बनाई साधारण सभाबाट अनुमोदन गराउने ।

ख. फाउण्डेशनको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।

ग. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यन्वयन गर्ने गराउने ।

घ. फाउण्डेशनको हितमा हुने कार्यक्रमहरु सञ्चालन गर्ने । आवधिक योजनाहरु बनाइ कार्यान्वयन गर्ने ।

ङ. साधारण सभा प्रति उत्तरदायी रहने ।

च. फाउण्डेशनको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र श्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

छ. फाउण्डेशनको कार्य सम्पादन गर्न कार्य योजना बनाउने, श्रोत जुटाउने, कार्यन्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।

ज. फाउण्डेशनको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।

झ. फाउण्डेशनको कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने, आवश्यक पर्दा संसोधन प्रस्ताव गर्ने ।

ञ. फाउण्डेशनको उद्देश्य परिपूर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरुको सल्लाहकार समिति, अन्य समिति, उप-समिति गठन गर्ने र आवश्यकता अनुरुप जिम्मेवारी र कार्यको बाँडफाँड गरी दिने ।

ट. फाउण्डेशनको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

१५. पद त्याग गर्न सक्ने :- अध्यक्षले उपाध्यक्ष मार्फत् कार्यसमिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरुले अध्यक्ष समक्ष लिखित राजीनामा दिई कार्य समितिको निर्णय पश्चात पद त्याग गर्न सक्नेछन् ।

१६. अन्य समितिहरु :-

क. यस विधानको परिधी भित्र रहेर फाउण्डेशनको कार्य सञ्चालनको लागि कार्य समितिले आवश्यकता अनुसार सल्लाहकार समिति तथा अन्य कार्य सम्पादन समिति वा उप-समितिहरु गठन गर्न सक्नेछ तर साधारण सभाको बैठकद्वारा अनुमोदन गराउनु पर्नेछ ।

ख. सल्लाहकार र उप-समितिहरुको कार्यहरु कार्य समितिले तोकी दिए बमोजिम हुने छ ।

परिच्छेद-५

## पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

१७. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :- कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) **अध्यक्षको काम, कर्तव्य र अधिकार :-**

(क) समिति र सभाको बैठकको अध्यक्षता गर्ने, बैठक सञ्चालन गर्ने ।

(ख) निर्णायक मत दिने । कानूनि तथा व्यवस्थापकिय प्रावधानहरु एकिन गर्ने ।

(ग) फाउण्डेशनको तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने ।

(घ) फाउण्डेशनको नेतृत्व लिने ।

(ङ) आवश्यकता अनुसार बैठकहरु बोलाउन सचिवलाई निर्देशन दिने ।

(च) अन्य पदाधिकारी एवं सदस्यहरुसंग छलफल गरी जिम्मेवरी लाई बाँडफाँड गर्ने ।

(छ) अभिलेख प्रमाणित गर्ने ।

(ख) **उपाध्यक्ष्को काम, कर्तव्य अधिकार :-**

(क) अध्यक्षलाई सहयोग गर्ने, फाउण्डेशनको लक्ष उदेश्य पुरा गर्न विशेष कार्यकम प्रस्ताव गर्ने ।

(ख) अध्यक्षले दिएको जिम्मेवारी पूरा गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा निजको कार्य गर्ने ।

(ग) **सचिवको काम, कर्तव्य र अधिकार :-**

(क) फाउण्डेशनको सचिवालयको रेखदेख र सञ्चालन गर्ने । कार्य समितिलाई सकिय र प्रभावकारी पार्ने

(ख) अध्यक्षको निर्देशन अनुसार बैठक र सभा बोलाउने ।

(ग) अभिलेख सुरक्षित राख्ने ।

(घ) **कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-**

(क) फाउण्डेशनको कोषको रेखदेख र सञ्चालन गर्ने ।

(ख) साधारण सभामा वार्षिक कार्यक्रम र बजेट पेश गर्ने ।

(ग) लेखा दुरुस्त राख्ने व्यवस्था भएको एकिन गर्ने ।

(घ) नियमित रुपमा वार्षिक लेखापरिक्षण गराउने ।

(ङ) फाउण्डेशनका लागि कोष बृद्धिमा सहयोग गर्ने र चनात्मक गतिविधिहरु प्रस्ताव गर्ने ।

(ङ) सदस्यहरुको काम र कर्तव्य र अधिकार :-

(क) समितिको बैठकमा सक्रिय सहभागिता जनाउने, उदेश्य प्राप्तीका लागि रचनात्मक गतिविधिहरु प्रस्ताव गर्ने । सञ्चालित कार्यक्रमको अनुगमन र मुल्याकन प्रकिया प्रभावकारी गराउने

(ख) फाउण्डेशनको कार्यमा रचनात्मक भूमिकाको निर्वाह गर्ने ।

(ग) फाउण्डेशनका कार्यसमितिले तोकेको कार्य गर्ने ।

१८. <u>गणपूरक संख्या</u> :-

(क) कुल सदस्य संख्याको ६७ प्रतिशत साधारण सदस्यहरुको उपस्थित नभै साधारण सभाको काम कारबाही हुने छैन ।

(ख) पुन: बोलाइएको साधारण सभामा कुल सदस्यको ५१ प्रतिशत उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

## परिच्छेद-६

## आर्थिक व्यवस्था

१९. <u>फाउण्डेशनको कोष</u> :-

(क) फाउण्डेशनको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमह जम्मा हुनेछन् :-

(क) सदस्यता वापत प्राप्त प्रवेश शुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले स्वइच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम ।

(ग) विदेशी सस्था, व्यक्ति, निजी क्षेत्र, गैर सरकारी संघ/सस्था, अन्तराष्ट्रिय संघ फाउण्डेशन, कुटनितिक नियोग, गैर आवसिय नेपाली बाट सहयोग वापत प्राप्त रकम, त्यसरी सहयोग प्राप्त गर्दा प्राप्त भएको रकम समाज कल्याण परिषद्मा लिखित जानकारी गराईनेछ ।

(घ) कार्य समितिको पदाधिकारीबाट ऋण स्वरुप प्राप्त रकम ।

(ङ) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहबाट प्राप्त अनुदान वा सहयोग वापत प्राप्त रकम ।

(च) फाउण्डेशनमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

२०. <u>खाता सञ्चालन</u> :- फाउण्डेशनको बैंक खाता अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ । कोष प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरीनेछ । कार्य समितिको अधिनमा रहि परियोजना सञ्चालनका लागि बरिष्ठ कर्मचारी लाई अधिकार निर्धारण गरि आवश्यक बैक खाता सञ्चालन गर्न पनि सकिने छ ।

२१. <u>कोषको रकम खर्च गर्ने तरिका</u> :- फाउण्डेशनको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

(क) फाउण्डेशनको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारीत बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सकिनेछ
(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रुपले पेश गर्नुपर्नेछ
(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नु पर्नेछ । साझेदार निकाय बाट आएको बजेट फाउण्डेशनको खातामा दाखिला भइ आवश्यकता अनुसार कर्यकम वा परियोजना खातामा सार्न सकिने छ ।

२२. फाउण्डेशनको लेखा र लेखा परिक्षण :-

(क) फाउण्डेशनको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।
(ख) फाउण्डेशनको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ।
(ग) नेपाल सरकार वा स्थानीय अधिकारी तथा केन्द्रिय कार्यालयले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरु खटाई फाउण्डेशन हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।
(घ) लेखा परिक्षणको नियुक्ति साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।
(ङ) फाउण्डेशनको लेखा परिक्षण प्रतिवेदन र बार्षिक कार्य प्रगति प्रतिवदनको १/१ प्रति स्थानीय अधिकारी, समाज कल्याण परिषद र केन्द्रिय कार्यलय र सम्बन्धित निकायमा पेश गरिने छ ।

## परिच्छेद-७·

## निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

२३. निर्वाचन सम्बन्धी व्यवस्था :-

(क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ५ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।
(ख) निर्वाचन समितिले प्रचलित कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।
(ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुङ्गो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
(घ) निर्वाचन सम्पन्न भएको भोलिपल्ट निर्वाचन समितिको स्वत: विघटन हुनेछ ।
(ङ) निर्वाचन समितिमा रहेका पदाधिकारीहरु कार्य समितिको उमेद्वारको रुपमा भाग लिन पाउने छैनन् ।

४. उमेदवार हुने योग्यता :-

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्ने छ ।

(क) फाउण्डेशनको साधारण वा आजिवन सदस्य रही बार्षीक रुपमा नविकरण गरेको हुनु पर्ने छ ।
(ख) कम्तिमा १ बर्ष फाउण्डेशन सदस्य भएको हुनु पर्ने तर प्रथम पदकाका लागि यो नियम लागु हुने छैन ।

२५. अविश्वासको प्रस्ताव :-

(क) अविश्वासको प्रस्ताव लिखित रुपमा कुन-कुन पदाधिकारीको विरुद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याइ फाउण्डेशनमा दर्ता गर्नुपर्नेछ ।

(क) नेपाली भाषामा शिष्ट शब्दको प्रयोग गरि लेखिएको हुनुपर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारीक हुनुपर्छ ।

(ग) प्रस्तावको सभा सदस्यहरु मध्येबाट कम्तीमा १/४ (एक चौथाई) सदस्यहरुको प्रष्ट नाम, थर र ठेगाना सहित खुलाई सही भएको हुनु पर्छ ।

(ख) उपदफा १ बमोजिम फाउण्डेशनमा दर्ता भएको अविश्वासको प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समय समेत तोकी फाउण्डेशन साधारण सभाको सम्पूर्ण पदाधिकारी र सदस्यहरुलाई विधानको दफा ११ (घ) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिइनेछ ।

(ग) अविश्वासको प्रस्ताव माथि छलफलको प्रक्रिया :-

(क) साधारण सभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उप-दफा क बमोजिमको प्रस्ताव पेशगर्न अनुमति दिनेछ र प्रस्ताव पेश गर्ने सदस्यहरु मध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्ने छ ।

(ख) उप-दफा ग (क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहने बढीमा अन्य तीन जना सदस्यहरुलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उप-दफा (क) बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरु विरुद्ध प्रस्तुत गरिएको हो, अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरुलाई आफ्नो सफाई पेश गर्ने मौकाको लागि आफ्नो भनाईहरु राख्न अनुमति दिइनेछ ।

घ) अविश्वासको प्रस्ताव माथि निर्णय :-

(१) अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छान्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्ने छ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा र विपक्षामा मत प्रकट गर्ने अर्को समुहमा छुट्याएर वा

(ख) साधारण सभाका सदस्यहरुलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

(२) साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुने छ । त्यस्तो प्रस्ताव पारित प्रस्तावित पक्षका व्यक्तिहरु पद मुक्त हुनेछन् ।

(३) निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

२६. विधानमा संशोधन :-

कुल सदस्य सख्याको २/३ (दुई तिहाई) साधारण सभा सदस्यहरुले अनुमोदन गरे पश्चात फाउण्डेशनको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारीस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृती भए पश्चात मात्र फाउण्डेशनको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२७. विनियम बनाउन सक्ने :-

(क) फाउण्डेशनले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम बनाउन सक्नेछ र सो विनियम साधारण सभाबाट पारित गराई लागू हुनेछ र स्थानीय अधिकारीलाई सो को जानकारी दिनु पर्नेछ ।

(ख) यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही फाउण्डेशनको कार्य संचालन र उद्देश्य कार्यान्वयनका लागि कार्यसमितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धि नियम तथा विनिमय बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनिमयहरु साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

२८. कर्मचारीको व्यवस्था :-

(क) फाउण्डेशनको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनको लागि कर्मचारीहरुको दरबन्दी सिर्जना, पारिश्रमिक भत्ता अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरु अपनाउनु पर्ने कार्यविधि कार्यसमितिले तोकीए बमोजिम हुनेछ ।

२९. फाउण्डेशनको खारेजी :-

(क) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी फाउण्डेशन खारेजी गर्नसक्नेछ ।

(ख) उपदफा १ बमोजिम फाउण्डेशन खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र फाउण्डेशनको हिसाव किताब गर्नको लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्ती गर्न सक्नेछन् ।

(ग) उपदफा (२) बमोजम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजम हुनेछ ।

(घ) यसरी कारणवस फाउण्डेशनको विघटन भई खारेज भएमा फाउण्डेशन दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जाय जेथा नेपाले सरकारको हुनेछ ।

३०. व्याख्या :-यो विधान र विधान अन्तरगत बनेको नियम विनियमको ब्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।

३१. गोप्यता भंग गर्न नहुने :- यस फाउण्डेशनका कुनैपनि पदाधिकारी वा सदस्यले फाउण्डेशन अहित हुने कार्य गर्नु हुदैन । कार्य समितिका पदाधिकारी वा साधारण सभाका सदस्यले बैठक वा साधारण सभामा असभ्य र अश्लिल शब्दको प्रयोग गर्न पाईने छैन ।

३२. ऐन अनुसार हुने :- यस विधानमा उल्लेख नभएका कुराहरु कानुन बमोजिम हुनेछ र फाउण्डेशनको दर्ता ऐन नियम, र प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वत: निष्कृय हुनेछन् ।

३३. निर्देशनको पालना :-

नेपाल सरकार वा स्थानीय अधिकारीले समय, समयमा दिएको निर्देशनको पालना गर्नु फाउण्डेशनको कर्तव्य हुनेछ ।

३४. तदर्थ समिति :-

(क) यो फाउण्डेशन स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिनाभित्र साधारण सभा बोलाई विधान अनुसारको निर्वाचन समितिको गठन गरी नयाँ कार्यसमितिको निर्वाचन गराउने छ र सो को जनाकारी स्थानीय अधिकारीलाई दिइने छ ।

(ख) प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा कार्यसमितिले गरेका काम कारबाहीहरु यसै विधान सरह भएको मानिनेछ ।

३५. हामी सुशिल कोईराला फाउण्डेशनको निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई विधानमा सहीछाप गर्दछौं ।

| क.सं. | फाउण्डेशन सदस्यहरुको नाम, थर र ठेगाना | तह | हस्ताक्षर |
|---|---|---|---|
| १ | मृदुला कोईराला | अध्यक्ष | |
| २ | प्रेम पराजुली | उपाध्यक्ष | |
| ३ | दिपक चापागाई | सचिव | |
| ४ | नागेश कोईराला | कोषाध्यक्ष | |
| ५ | ईन्दिरा कार्की | सदस्य | |
| ६ | भक्ति माझी | सदस्य | |
| ७ | मधुबाबु तिवारी | सदस्य | |

**अनूसूचि - १**

यस फाउण्डेशनको छाप गोलो आकारको हुनेछ ।

फाउण्डेशनको छाप र चिन्हको विवरण

छाप:

सुशील कोइराला फाउण्डेशन
SUSHIL KOIRALA FOUNDATION
२०७६
2019
BIRATNAGAR
Nepal

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मोरङ विराटनगर

जिल्ला प्रशासन कार्यालय मोरङबाट

~~यसमा विधानको दफा २ को उपदफा ४ को (छ) थप गरिएको प्रमाणित गरिन्छ।~~

यसमा विधानको परिच्छेद २ को ~~उपदफा~~ को दफा ४ मा उपदफा (छ) थप गरी विधान प्रमाणित गरिएको।

[signature]
२०७८।१०।२०
प्रशासकीय अधिकृत